# स्थानीय सरकार

# आठविसकोट नगरपालिका

## रुकुम (पश्चिम भाग) को

# नीति तथा कार्यक्रम

२०८३/०८४

**नगर सभाको बैठकमा मिति २०८३ साल असार ९ गते मंगलबार**
**नगर प्रमुख श्री रवि के.सी. द्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

**स्थानीय सरकार**
**आठविसकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रुकुम (पश्चिम भाग), कर्णाली प्रदेश नेपाल**
**२०८३**

**आठविसकोट नगर सभाका सदस्य ज्यूहरू,**

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग) को यस गरिमामय संस्था **आठविसकोट नगर सभा** समक्ष आगामी आर्थिक वर्ष **२०८३/०८४ को नीति तथा कार्यक्रम** प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ।

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, नागरिक स्वतन्त्रता र स्थानीय स्वायत्त शासनको अधिकार प्राप्तिका लागि भएका विभिन्न **जनयुद्ध, जनआन्दोलन, जेन-जी (Zen-Z) आन्दोलन र परिवर्तनका संघर्षहरूमा** आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता, घाइते र अपाङ्गता भएका योद्धाहरूको त्याग र योगदानको उच्च सम्मान भाव व्यक्त गर्दछु ।

२. आठविसकोट नगरपालिकाको विकास, समृद्धि, सुशासन र रूपान्तरणको साझा यात्रामा निरन्तर, अहोरात्र खटिनुहुने र रचनात्मक सुझाव दिनुहुने सम्पूर्ण आदरणीय नगरवासी आम नागरिक, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, निजी क्षेत्र र सञ्चारकर्मी मित्रहरूमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु।

३. जाजरकोट भूकम्पमा परी ज्यान गुमाउनुभएका आदरणीय नगरवासीहरू प्रति यो गरिमामय सभा हार्दिक श्रद्धासुमन अर्पण गर्दछ। घाइते तथा अपाङ्गता हुनुभएका नागरिकहरूको शीघ्र स्वास्थ्य लाभ सहित दीर्घकालीन पुनस्थापनाको कामना गर्दछु। संघीय सरकारको समन्वय र सहयोगमा विस्तृत क्षति आँकलन (DDA) पश्चात् हाल आवास पुनर्निर्माणका लागि सम्झौता कार्य द्रुत गतिमा अघि बढिरहेको परिप्रेक्ष्यमा, यस कार्यमा अहोरात्र खटिनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, प्राविधिक एवं सहयोगी निकायहरू प्रति हार्दिक आभार प्रकट गर्दछु।

४. नेपालको संविधान प्रदत्त मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, नेपाल सरकारको १६ औं योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकासका लक्ष्यहरू (SDGs) एवं नेपालले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताहरूलाई यस नीति तथा कार्यक्रमको मुख्य मार्गचित्रका रूपमा लिएको छु । यसका अतिरिक्त, आठविसकोट नगरपालिकाका विगत वर्षका सफल नीति तथा कार्यक्रमहरू, मध्यमकालीन खर्च संरचना (MTEF) एवं संघ तथा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रमलाई यस निति तथा कार्यक्रमको प्रमुख मार्गदर्शनको रूपमा आत्मसात् गरेको छु।

५. भौतिक तथा सामाजिक विकासका माध्यमबाट सुशासन र सामाजिक न्यायसहितको समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार पार्न यस नीति तथा कार्यक्रमलाई केन्द्रित गरिएको छ। यसका लागि जाजरकोट भूकम्पबाट क्षतिग्रस्त भई विस्तृत क्षति आकलन (DDA) सम्पन्न भएका निजी तथा सार्वजनिक आवासहरूको दिगो पुनर्निर्माणलाई प्राथमिकतामा राखिएको छ। साथै, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि उत्पादन र उत्पादकत्वमा वृद्धि, कृषिको बजारीकरण,शिक्षाको पूर्वाधार तथा प्रविधिको विकास, स्वास्थ्य क्षेत्रको सुधार, उद्यमशीलताको विकास, रोजगारी सिर्जना, सामाजिक न्यायको प्रवर्द्धन तथा गरिबी निवारणका लक्षित क्रियाकलापहरूमा यो नीति तथा कार्यक्रम दृढताका साथ निर्देशित रहनेछ।

**नगर सभाका सदस्य ज्यूहरु,**

६. परम्परागत एवं निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र व्यावसायिक रूपान्तरण गर्न कृषि उत्पादन, उत्पादकत्व र बजारीकरणका कार्यक्रमहरूलाई एकीकृत रूपमा अगाडि बढाइनेछ। कृषि क्षेत्रमा वैशाख-जेठको खडेरी, रोगव्याधि तथा आकस्मिक प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि 'कृषि तथा पशुपन्छी बिमा कार्यक्रम' लाई प्रभावकारी रूपमा विस्तार गरिनेछ। साथै, किसानहरूको व्यावसायिक जोखिम सम्बोधन र सुनिश्चित बजारका लागि

न्यूनतम समर्थन मूल्यमा आधारित **'अग्रिम कृषि उपज खरिद सम्झौता'** को नीति अवलम्बन गरी बजार व्यवस्थापनलाई सुदृढ गरिनेछ।

७. नगरपालिका क्षेत्रभित्र दिगो कृषि प्रणालीको प्रवर्द्धन र माटोको जैविक गुणस्तर संरक्षणका लागि 'प्राङ्गारिक मल उत्पादन तथा उपयोग विशेष कार्यक्रम' सञ्चालन गरिनेछ। साथै स्थानीयस्तरमै कृषि मल कारखाना स्थापनाका लागि आवश्यक सम्भाव्यता अध्ययन र प्रारम्भिक कार्य अगाडि बढाइनेछ। मानव स्वास्थ्य र जैविक विविधतामा पर्ने नकारात्मक जोखिमलाई न्यूनीकरण गर्न रासायनिक मल तथा विषादीको आयात र जथाभाभी प्रयोगलाई कडाइका साथ नियमन गरिनेछ। रासायनिक विषादीको अत्यधिक प्रयोगलाई निरुत्साहित गर्दै यसको विकल्पको रूपमा पर्यावरणमैत्री जैविक विषादी (Bio-pesticides) को उपयोग र उत्पादनलाई प्राथमिकताका साथ प्रोत्साहन गरिनेछ।

८. "**अर्गानिक खानपान, स्वस्थ जीवनको पहिचान: आर्गनिक वडा हाम्रो अभियान**।" भन्ने मुल नाराका साथ वडा नं. १ २ र ३ लाई यसै बर्ष आर्गनिक वडाका रुपमा घोषणा गरिनेछ।

९. **"बसोवास गाउँमा : भविष्य आफ्नै ठाउँमा"** भन्ने मुल नाराको साथ व्यवसायिक युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ। फलफुल खेति उत्पादन र प्रर्वद्धनको लागि **"एक गाउँ एक व्यवसायिक फलफुल बगैंचा र एक पालिका एक फलफुल नर्सरी स्थापना"** कार्यक्रम सञ्चालन गरिने छ। कृषि उत्पादन बिक्रिको सुनिश्चितता र निर्मित कृषि संरचनाको उपयोगको लागि प्रत्येक वडामा **"कृषि उपज संकलन"** गरी हप्तामा एकपटक राडिबजारमा हाटबजार सञ्चालन गरिने छ।

१०. **"आठविसकोटको कृषि उत्पादन, कृषकहरुलाई प्रोत्साहन"** भन्ने मान्यताका साथ आठविसकोटका कृषि पेशामा संग्लग्न कृषक, कृषि फर्म, कृषक समूह, कम्पनी र सहकारीलाई उत्पादन परिणाम, सङ्कलन, ढुवानी तथा बजारीकरणमा प्रोत्साहनको व्यवस्था गरिने छ। वडा नं. १,२,३, ५ र ६ का स्याउ उत्पादन हुने खेतियोग्य जमिनको वस्तुगत अध्ययन गरी स्याउ उत्पादक कृषकको लागि प्रोत्साहन कार्यक्रम अघि बढाईनेछ ।

११. नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत तथा प्राकृतिक जलस्रोत र पानीका सम्भाव्य उपयुक्त स्रोतहरूको पहिचान, मर्मतसम्भार एवं दिगो संरक्षण गरिनेछ। संघ, प्रदेश र स्थानीय सरकारको त्रिपक्षीय समन्वय, लगानी र साझेदारीमा कृषियोग्य भूमिको उत्पादकत्व वृद्धिका लागि आधुनिक एवं प्रविधिमैत्री सिंचाई कार्यक्रमलाई निरन्तर र नियमित रूपमा उपलब्ध गराइनेछ। साथै, खाद्यान्न बाली (धान, गहुँ, मकै), उच्च मूल्यवान तरकारी, फलफूल तथा मसला बालीहरूको उत्पादकत्व वृद्धि एवं गुणस्तरीय बीउ उत्पादनमा आत्मनिर्भरता हासिल गर्न जोड दिइनेछ। यस कार्यमा संलग्न अगुवा कृषक, कृषि फार्म, उद्यमी तथा कृषक समूहहरूलाई प्रोत्साहन गर्न तीनै तहका सरकारको सहयोग र सहकार्यमा प्राविधिक विकास, यान्त्रिकीकरण र व्यवसायिक अनुदानसहितका **'विशेष कृषि प्रवर्द्धनात्मक कार्यक्रमहरू'** सञ्चालनमा ल्याइनेछ।

१२. कृषि क्षेत्रको आधुनिकीकरण र कृषकहरूको मनोबल उच्च राख्न पालिका भित्रका उत्कृष्ट कृषक, कृषक समूह र सहकारीहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। उत्पादन र उत्पादकत्व वृद्धिका लागि सबै प्रकारका कृषि उपजका उन्नत बीउबिजन तथा फलफूलका बिरुवाहरूको वितरणमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

१३.पालिकाको कृषि विशिष्टीकरण कार्यक्रम अन्तर्गत सुन्तला उत्पादन हुने सम्भावित क्षेत्रहरू वडा नं. ३ को लहाँ वडा नं. ७ को डाँफे र वडा नं. १२ को सिलागाउँलाई सुन्तला पकेट क्षेत्र घोषणा गरिनेछ। साथै, वडा नं. १, २, १०, ११ र १२ मा किवी खेतीको उच्च सम्भावनालाई मध्यनजर गर्दै यसको व्यावसायिक उत्पादनलाई नियमित रूपमा क्रमशः विस्तार र

प्रवर्द्धन गरिने नीति लिइनेछ । मौरीपालक कृषक पहिचान र वर्गीकरणका लागि तथ्याङ्क सङ्कलन गरिनेछ र मह उत्पादन वृद्धि गर्न कृषकहरूलाई अनुदानमा मौरीका घार एवं आधुनिक औजारहरू व्यवस्थापन गरिनेछ ।

१४. पशुपालन क्षेत्रलाई परम्परागत निर्वाहमुखी अवस्थाबाट रूपान्तरण गरी व्यवसायीकरण, आधुनिकीकरण, विविधीकरण र यान्त्रिकीकरणका माध्यमबाट स्थानीय अर्थतन्त्रको मुख्य आधार बनाइनेछ । यस नगरपालिकालाई खसी–बोका, लोकल कुखुरा र दुग्धजन्य पदार्थको उत्पादनमा पूर्ण आत्मनिर्भर बनाउँदै निर्यात दर बढाउने र आयात प्रतिस्थापन गर्ने नीति लिइनेछ । विशिष्टीकृत पशुपालन पकेट क्षेत्रहरूको स्थापना गरी तिनलाई पशुपन्छी स्रोतकेन्द्रको रूपमा विकास गर्दै दूध, अण्डा र मासुको उत्पादनमा गुणात्मक वृद्धि गरिनेछ । पशुपालन व्यवसायलाई सम्मानित पेसाको रूपमा स्थापित गर्न, व्यवसायिक पशुपालनमा युवाहरूको नयाँ फार्महरूको विस्तारका लागि **“नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रम”** लाई थप प्रभावकारी रूपमा निरन्तरता र विस्तार गरिनेछ ।

१५. पशुपन्छीमा देखापर्ने महामारीजन्य रोगहरूको द्रुत पहिचान, नियन्त्रण र उपचारका लागि आवश्यक औषधिसहित पशु स्वास्थ्य प्राविधिकहरूलाई तत्काल कार्यक्षेत्रमा परिचालन गर्ने आकस्मिक सेवाको व्यवस्था मिलाइनेछ । पशुपालन व्यवसायको उत्पादन लागत कम गरी कृषकहरूको नाफामूलक क्षमता बढाउन स्थानीय स्तरमै उपलब्ध कच्चा पदार्थबाट दाना उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । साथै, पशु आहाराको दिगो र पोषिलो व्यवस्थापनका लागि व्यावसायिक घाँस खेती प्रवर्द्धन, घाँसको स्रोत विस्तार तथा स्थानीय स्तरमा उन्नत जातको **घाँसको नर्सरी व्यवस्थापन** जस्ता नवप्रवर्द्धनात्मक कार्यक्रमहरूलाई प्राथमिकताका साथ जोड दिइनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु**

१६. भूकम्पबाट क्षतिग्रस्त विद्यालय भवनहरूको पुनर्निर्माण कार्यलाई यसै वर्ष द्रुत गतिमा सम्पन्न गर्न सङ्घ, प्रदेश र स्थानीय सरकार तथा सरोकारवाला सङ्घ–संस्थाहरूसँग प्रभावकारी सहकार्य गरिनेछ । नगरपालिकाभित्रका सबै विद्यालय भवनहरूलाई भूकम्प प्रतिरोधी, सुरक्षित, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउनुका साथै स्वच्छ, मनोरम र वातावरणीय रूपमा सन्तुलित शिक्षण वातावरणका लागि **"हरित विद्यालय (Green School)"** अवधारणा अन्तर्गत अनिवार्य फूलबारी निर्माणसहित **"म बनाउँछु मेरो विद्यालय"** र **"जङ्क फुड निषेध"** अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१७. हरेक सामुदायिक विद्यालयको शिक्षण सिकाइलाई प्रविधिमैत्री, गुणस्तरीय र पहुँचयोग्य बनाउन भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार गर्दै **आइसिटी (ICT) ल्याबको स्थापना** गरी प्रयोगमा ल्याइनेछ । आधुनिक युगको माग अनुसार विद्यार्थी र शिक्षकहरूलाई प्रविधिसँग जोड्न, नवप्रवर्तनात्मक सिकाइ प्रवर्द्धन गर्न र प्रशासनिक कार्यलाई चुस्त बनाउन **कृत्रिम बुद्धिमत्ता (AI) र डिजिटल शिक्षण सामग्रीको उपयोग**लाई प्रोत्साहन गरिनेछ ।

१८. विद्यालय शिक्षाको आधारस्तम्भको रूपमा रहेका प्रारम्भिक बालविकास केन्द्रहरूलाई भौतिक तथा शैक्षिक रूपमा स्रोत–साधनयुक्त बनाइनेछ । बालविकास केन्द्रमा अध्यापनरत शिक्षकहरूको आधुनिक शिक्षण कला र प्रविधि उपयोग सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी बालविकास केन्द्रहरूलाई थप प्रविधिमैत्री, बालकेन्द्रित र सिकाईयोग्य बनाउने व्यवस्था मिलाइनेछ ।

१९. भौगोलिक विकटता, विद्यार्थी सङ्ख्या र शिक्षक उपलब्धताका आधारमा सामुदायिक विद्यालयहरूमा शिक्षक व्यवस्थापन र अनुदान वितरणको न्यायोचित मापदण्ड लागु गरिनेछ । दरबन्दी कम भएका वा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक अभाव भएका विद्यालयहरूमा नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको **'पालिका स्वयंसेवक शिक्षक'** परिचालन कार्यलाई थप परिमार्जनसहित निरन्तरता दिइनेछ।

२०. शिक्षक र विद्यार्थीको अनुपस्थितिलाई शून्यमा झार्न, संस्थागत सुशासन कायम गर्न र विद्यालयको प्रशासनिक जवाफदेहिता बढाउन सबै विद्यालयहरूमा **डिजिटल हाजिरी प्रणाली** र **IEMIS सफ्टवेयर** को नियमित एवं वैज्ञानिक अनुगमन गरिनेछ। नगर कार्यपालिकाबाट स्वीकृत वार्षिक शैक्षिक कार्ययोजना र क्यालेन्डरलाई अक्षरसं पालना गराइनेछ।

२१. विद्यालयको शैक्षिक तथा प्रशासनिक नेतृत्वलाई सबल बनाउन खुला प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्तिको व्यवस्था मिलाई उनीहरूको क्षमता विकास तालिम सञ्चालन गरिनेछ। प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरी नतिजाका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ। साथै, सिर्जनशील, इमानदार र जिम्मेवार शिक्षक–कर्मचारीलाई वार्षिक रूपमा पुरस्कृत गरिने र कार्यसम्पादन न्यून भएका, आचरण विपरीत कार्य गर्नेलाई दण्डित गर्ने **स्पष्ट दण्ड-पुरस्कार नीति** अवलम्बन गरिनेछ।

२२. विद्यालयमा विद्यार्थीहरूलाई **"ल्याउने, सिकाउने र टिकाउने"** कार्यलाई थप सुदृढ गरिनेछ। विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रष्फुटनका लागि **प्रतिभा पहिचान तथा पढाइ मेला** जस्ता सिर्जनशील कार्यक्रमहरू तर्जुमा गरी लागु गरिनेछ। साथै, शैक्षिक गुणस्तर सुनिश्चित गर्न संकलित अनुगमन प्रतिवेदन, विद्यार्थी सङ्ख्या र भौगोलिक दूरीको वस्तुगत अध्ययन गरी आवश्यकता अनुसार विद्यालय मर्ज वा समायोजनको नीतिलाई व्यावहारि अध्ययन गरी आवश्यक निर्णय लिईनेछ।

२३. आर्थिक, सामाजिक र भौगोलिक कारणले कोही पनि बालबालिका शिक्षाबाट बञ्चित हुन नपर्ने अवस्था सुनिश्चित गर्न विपन्न, टुहुरा, दलित तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। यसका लागि **"नगर प्रमुख विद्यार्थी सहायता कोष"** को स्थापना गरिनेछ। नगरभित्र सञ्चालित बहिरा तथा सुस्त श्रवण स्रोत केन्द्र लगायतमा अध्ययनरत फरक क्षमता (अपाङ्गता) भएका विद्यार्थीहरूलाई नि:शुल्क आवासीय सुविधा, विशेष छात्रवृत्ति र खेलकुद सामग्रीको उचित व्यवस्था मिलाइनेछ।

२४. नगरपालिकाभित्रका समग्र युवा र विद्यार्थीहरूको बहुआयामिक विकासका लागि **"नगर उपप्रमुखसँग गरिब र विपन्न विद्यार्थी कार्यक्रम"** सञ्चालन गरिनेछ। गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षामा पहुँच पुऱ्याउन छात्रवृत्तिको सुनिश्चितता गरिनेछ। विद्यार्थीहरूलाई श्रम र उत्पादनसँग जोड्न हरेक माध्यमिक विद्यालयमा **"पढ्दै कमाउँदै कार्यक्रम"** लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२५. दिवा खाजा कार्यक्रमलाई थप पोषणयुक्त र प्रभावकारी बनाउन कृषि शाखासँग सहकार्य गरिनेछ, जस अन्तर्गत स्थानीय कृषि पकेट क्षेत्रमा उत्पादन भएका रैथाने कृषिजन्य खाद्यवस्तु खरिद गरी विद्यालयमा दिवा खाजा खुवाउने व्यवस्था मिलाइनेछ। छात्रा शिक्षालाई प्रोत्साहन गर्न स्थानीय स्तरमै सेनेटरी प्याड निर्माण गर्ने आवश्यक संयन्त्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ, जसले गर्दा प्याडको नियमित प्रयोग थप सुनिश्चित र दिगो हुनेछ।

२६. आठविसकोट नगरपालिकाको भौगोलिक, ऐतिहासिक, कृषि (बाख्रापालन, रैथाने बाली), जडीबुटी र स्थानीय सांस्कृतिक पहिचान समेटेर तयार पारिएको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम **"मेरो आठविसकोट"** अनिवार्य रूपमा सबै विद्यालयमा नि:शुल्क उपलब्ध गराई अध्ययन गरिनेछ। विद्यालय तहमा मानसिक र शारीरिक सन्तुलनका लागि **योग शिक्षा** सुरुवात गरिनेछ भने उच्च शिक्षाको केन्द्र **राडिज्यूला शिक्षा क्याम्पस**लाई व्यवस्थित गर्न कार्यविधि अनुसार अनुदानलाई निरन्तरता दिइनेछ।

२७. नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेट सुविधा सुनिश्चित गर्दै 'ई-लर्निङ (E-Learning)' र भर्चुअल कक्षा सञ्चालन गर्न जोड दिइनेछ। विद्यालयस्तरदेखि नै कृत्रिम बुद्धिमत्ता (AI) र खुला डिजिटल सामग्रीमा आधारित आधुनिक सिकाई प्रणालीको सुरुवात गरिनेछ। साथै, स्थानीय युवाहरूलाई डिजिटल साक्षरता अभियान र समुदाय सेवामा स्वयंसेवकका रूपमा परिचालन गरिनेछ।

२८. विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि नगरस्तरीय **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**लाई थप व्यवस्थित बनाइनेछ। नगरका युवाहरूलाई दुर्व्यसनबाट जोगाई खेलकुद तर्फ आकर्षित गर्न नगरपालिकाको केन्द्रमा एक

**व्यवस्थित र आधुनिक खेल मैदान** निर्माणको कार्य प्रारम्भ गरिनेछ । साथै, विपद् व्यवस्थापन, वातावरण संरक्षण र सामाजिक सचेतनाका अभियानहरूमा युवाहरूलाई **"नगर स्वयंसेवक"** का रूपमा परिचालन गरिनेछ ।

२९. संस्थागत विद्यालय स्थापना गर्नका लागी शैक्षिक मापदण्ड पुरा गरेका संस्थाहरुलाइ संस्थागत विद्यालय संचालनको लागी अनुमति दिइने छ ।

## नगर सभाका सदस्य ज्यूहरु,

३०. सङ्घ र प्रदेश सरकारसँगको त्रिपक्षीय सहकार्य एवं समन्वयमा **"निरोगी नेपाल अभियान"** लाई स्थानीय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य प्रणालीको सन्तुलित विकास गरिनेछ । पालिकाभित्रका सबै नागरिकलाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न जनसंख्या र भौगोलिक विकटताका आधारमा स्वास्थ्य पूर्वाधार र जनशक्तिको वैज्ञानिक व्यवस्थापन गरिनेछ। सङ्क्रामक तथा महामारीजन्य रोगहरूको रोकथामका लागि जनस्वास्थ्य निगरानी प्रणाली (Surveillance System) लाई सुदृढ बनाउनुका साथै जलवायु परिवर्तनका कारण सिर्जित स्वास्थ्य चुनौतीहरूको सामना गर्न **क्लाइमेट हेल्थ रेजिलेन्ट** रणनीति अवलम्बन गरिनेछ। नागरिक एप तथा सूचना प्रविधिको उपयोग गरी सबै स्वास्थ्य संस्थाहरूमा अनलाइन दर्ता, 'ई-हेल्थ' (E-Health) सेवा र एकीकृत स्वास्थ्य सूचना प्रणाली (IHIMS) लाई संस्थागत गरिनेछ ।

३१. समुदायमा नसर्ने रोगहरूको बढ्दो जोखिमलाई न्यूनीकरण गर्न हरेक वर्षको **फागुन महिनालाई "नसर्ने रोग स्क्रिनिङ महिना"** का रूपमा मनाउँदै टोल–टोलमा विशेष स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। महिलाहरूमा हुनसक्ने पाठेघरको क्यान्सर रोकथामका लागि एच.पी.भी. (HPV) खोप अभियान र १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर उपचार सेवामा सहज पहुँचका लागि आवश्यक सहजीकरण गरिनेछ । आधारभूत तथा अत्यावश्यक औषधिहरूको निरन्तर आपूर्ति सुनिश्चित गर्दै स्थानीय स्तरमा आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा विधिको प्रवर्द्धन गरिनेछ । स्वास्थ्य सेवामा नागरिकको वित्तीय भार कम गर्न विपन्न, उत्पीडित र सीमान्तकृत समुदायलाई प्राथमिकता दिई **एकीकृत स्वास्थ्य बिमा प्रणाली**मा आबद्ध गराइनेछ र नेपाल सरकारद्वारा निःशुल्क उपलब्ध गराइने औषधिहरूलाई बिमा प्रणालीसँग जोडेर सेवालाई थप पारदर्शी, सुशासित र प्रभावकारी बनाइनेछ ।

३२.नेपालको संविधान प्रदत्त निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई निरन्तरता दिँदै प्रत्येक वडामा मासिक रूपमा चिकित्सकद्वारा बहिरङ्ग (OPD) सेवा उपलब्ध गराइनेछ । स्यालाखदी स्वास्थ्य चौकीबाट टेलिमेडिसिन सेवा विस्तार गरिनेछ भने नगर अस्पतालबाट विशेषज्ञ सेवाका लागि प्रदेश अस्पतालसँग समन्वय गरिनेछ । साथै, नगर अस्पतालमा CeONC साइट सूचीकरण गरी प्रसूतिजन्य जटिलताको आकस्मिक शल्यक्रिया, सुरक्षित गर्भपतन सेवाको विस्तार, पोष्टमार्टम सेवा र सम्पूर्ण नागरिकको रक्त समूह पहिचानको व्यवस्था मिलाइनेछ ।

३३.घरमा हुने प्रसूति दर घटाई मातृ-शिशु मृत्युदर न्यूनीकरण गर्न गर्भवती र ४२ दिनभित्रका सुत्केरीहरूलाई नगर अस्पतालसम्म ल्याउन निःशुल्क एम्बुलेन्स सेवा, प्रसूति कुरुवा घर (खान-बस्न सुविधासहित) र जटिलता भएका महिलालाई निःशुल्क प्रेषण (Referral) को व्यवस्था गरिनेछ । साथै, सुरक्षित गर्भपतन सेवालाई अन्य स्वास्थ्य संस्थामा समेत विस्तार गरिनेछ।

३४. ६५ वर्षमाथिका ज्येष्ठ नागरिकहरूका लागि नगर अस्पतालको उपचारात्मक सेवा शुल्कमा ५० प्रतिशत छुट र ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ । नगर अस्पतालमा सामाजिक सुरक्षा कोष स्थापना गरी गरिब तथा विपन्नलाई सहुलियत दिइनेछ भने अति विपन्न, सहिद तथा बेपत्ता परिवार र राष्ट्रिय स्तरका खेलाडीका परिवारको स्वास्थ्य बिमा कार्यक्रमलाई समेत निरन्तरता दिइनेछ ।

३५.नसर्ने रोगको भार र आर्थिक जोखिम न्यूनीकरणका लागि हरेक स्वास्थ्य संस्थाबाट उच्च रक्तचाप, मधुमेह र मृगौंला रोगको प्रारम्भिक स्क्रिनिङ र समयमै प्रेषणको व्यवस्था गरिनेछ। रोग प्रतिरोधात्मक क्षमता बढाउन नागरिक आरोग्य केन्द्रलाई

व्यवस्थित गर्दै योग/ध्यान कक्षा, योगाहल निर्माण र विद्यालय स्तरमा बालबालिका तथा किशोर-किशोरीका लागि मानसिक स्वास्थ्यसम्बन्धी मनोपरामर्श र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. गर्भवती र सुत्केरी महिलाका लागि " **पोषण कोसेली कार्यक्रम**" निरन्तरता दिइनेछ । प्रत्येक स्वास्थ्य आमा समूहमा पोषण अभिमुखीकरण र अवस्था लेखाजोखा गर्दै आ.व. २०८३/०८४ भित्र स्वास्थ्य संस्थाहरूलाई **'पोषणमैत्री संस्था'** घोषणा गर्न सूचकमा आधारित योजना तयार गरिने छ । साथै, महिला स्वास्थ्य स्वंयम्सेविकाहरूको योगदानको कदर गर्दै प्रोत्साहन तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

३७.युवाहरूमा बढ्दो लागुऔषध दुरुपयोगको जोखिम, यसले शारीरिक, मानसिक, सामाजिक र भावनात्मक स्वास्थ्यमा पार्ने गम्भीर असर न्यूनीकरणका लागि समुदाय तथा सञ्चार माध्यम (सामाजिक सञ्जालसहित) मार्फत बृहत् सचेतना, स्वास्थ्य शिक्षा र दुर्व्यसनी सङ्कटमा परेकाहरूका लागि पुनर्स्थापनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३८. सडक दुर्घटना र अन्य विपदबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न विपद व्यवस्थापन समितिमार्फत समन्वय गरी प्रतिकार्य क्रियाकलाप सञ्चालन गरिनेछ । विपद प्रतिकार्य टोलीलाई विशेष तालिम दिई सक्रिय बनाइनेछ । साथै, स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका आम नागरिकहरूलाई समेट्न एकीकृत बृहत् स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

३९.**"क्षयरोगमुक्त पालिका अभियान"** लाई थप व्यवस्थित र प्रभावकारी रूपमा निरन्तरता दिइनेछ । निजी तथा सामुदायिक औषधि पसलहरूको दर्ता, अनुमति, सेवा प्रवाह र फोहोरमैला व्यवस्थापनको कडा नियमन गरिनेछ । साथै, सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यजन्य फोहोरमैलाको वैज्ञानिक व्य  वस्थापनका लागि आवश्यक बन्दोबस्त मिलाइनेछ ।

४०.गुणस्तरीय सेवा सुनिश्चित गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि र उचित जनशक्ति व्यवस्थापन गरिनेछ । करारमा कार्यरत स्वास्थ्यकर्मीहरूको तलब भत्ता अन्य करार कर्मचारी सरह समान बनाई वृद्धि गरिनेछ । कार्यालय समय बाहेक थप ड्युटी गरेमा तलबमानका आधारमा अतिरिक्त सेवा भत्ता को व्यवस्था गरिनेछ ।

४१.स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन डिजिटलाइजेसन (Digitalization) गरिनेछ । स्वास्थ्य क्षेत्रको दिगो विकास लक्ष्य (SDGs) को प्रगति मूल्याङ्कनका लागि घरधुरी सर्वेक्षण तथा स्वास्थ्य अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गरिनेछ । स्वास्थ्यसम्बन्धी विद्यमान नीति, ऐन तथा कार्यविधिहरूको सामयिक पुनरावलोकन गर्नुका साथै स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन र मूल्याङ्कनका कार्य निरन्तर अघि बढाइनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

४२.नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने विकास निर्माण कार्यहरूको गुणस्तर सुनिश्चितता तथा दिगोपनाका लागि निर्माण सामग्रीको प्रयोगशाला (ल्याब) परीक्षणलाई अनिवार्य गरिनेछ । प्रयोगकर्ता-मैत्री पूर्वाधार निर्माणमा जोड दिँदै योजना सम्झौता र भुक्तानी प्रणालीलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ । निर्माण सम्पन्न पूर्वाधार तथा अचल जिन्सी सामानहरूको लगत 'सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली' (PAMS-V2) मा प्रविष्टि गरिनेछ र नियमित मर्मतसम्भारका लागि मर्मतसम्भार कोषको उच्चतम उपयोग गरिनेछ ।

४३. नगरपालिकाको प्रशासकीय भवन अन्य वडा कार्यालय लगाएतका सार्वजनिक भवन निर्माणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ । वडा नं ३,६,८, १० र १४ को प्रशासनिक भवन निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ । बाँकी वडाहरूको कार्यालय भवन निर्माणका लागि संघ र प्रदेश सरकारसँग साझेदारी गरिनेछ । यसै वर्षबाट नगरपालिकाको प्रशासनिक भवनबाट सेवा प्रवाह संचालन गरिनेछ ।

४४.नगरपालिकाको 'यातायात गुरुयोजना' (MTMP) तर्जुमा गरी प्राथमिकीकरणका आधारमा सडक विस्तार एवं स्तरोन्नति कार्यलाई उच्च प्राथमिकता दिइनेछ। सबै वडाका केन्द्रहरूलाई बाह्रै महिना सञ्चालन हुने गरी सडक मर्मत र स्तरोन्नती गरिनेछ । निर्माण भइसकेका सडकहरूको लगत कट्टा गरी व्यवस्थित गरिनेछ ।

४५.संघ तथा प्रदेश सरकारको सहयोग र समन्वयमा राप्ती राजमार्ग अन्तर्गत नदुवा-स्याला-साझेबगर खण्डको सडक स्तरोन्नति गरिनेछ । साथै,दाँजे,खदी-बारीङ्गे सडक र साझेबगर देखि नयाँडाँडा सडकको नयाँ Track Open का लागि संघ र प्रदेश सरकारसँग आवश्यक बजेट तथा साझेदारीमा यसै वर्ष काम सुरु गरिनेछ । संघ र प्रदेश सरकारसँगको सहकार्यमा नागरिकलाई हिँडाइ दुरीमा सहजता पुग्ने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

४६.भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूको पहिचान गरी उचित व्यवस्थापन गरिनेछ। भूमिको नापजाँच र तथ्याङ्क व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ । भूमिको व्यवस्थित उपयोगका लागि 'भू-उपयोग कार्ययोजना' कार्यान्वयनमा ल्याइनेछ । नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरूको पहिचान गरी नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक कानुनी तथा प्रशासनिक पहल गरिनेछ ।

४७.नगरपालिका क्षेत्रमा निर्माण हुने सबै भवन तथा घरहरूमा अनिवार्य नक्सापास गर्ने नीतिलाई निरन्तरता दिइनेछ। भूकम्पपछिको पुनर्निर्माण अन्तर्गत बन्ने कच्ची घरहरूको समेत नक्सापास गर्ने व्यवस्था मिलाइनेछ । हालसम्म नक्सापास नगरी निर्माण भइसकेका घर तथा संरचनाहरूको पहिचान, अभिलेखीकरण र तथ्याङ्क अद्यावधिक गरी नियमन गरिनेछ ।

४८.उज्यालो नगरपालिकाको अवधारणा अनुरूप वडाका सबै बस्तीहरूमा राष्ट्रिय प्रसारण लाइन (केन्द्रीय लाइन) मार्फत विद्युतीकरण विस्तार गरिनेछ । नगर क्षेत्रभित्र बन्द वा जीर्ण अवस्थामा रहेका लघु जलविद्युत आयोजनाहरूको तत्काल मर्मतसम्भार गरी पुनः सञ्चालनमा ल्याइनेछ ।

४९.ठूलोभेरी नदी तथा अन्य खोला किनारमा रहेका मानव बस्ती, कृषियोग्य जमिन र सडक पूर्वाधारलाई जलउत्पन्न विपद् तथा नदी कटानबाट जोगाउन तटबन्धन निर्माण र जैविक इन्जिनियरिङ् (Bio-Engineering) का कार्यहरू गरिनेछ । पूर्वाधार विकास गर्दा सम्भावित वातावरणीय जोखिमको अध्ययन गरिनेछ । उच्च जोखिमयुक्त योजनाहरू सञ्चालन गरिने छैन भने ठूला तथा नगर गौरवका आयोजनाहरूको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य गरिनेछ ।

५०.भौतिक पूर्वाधार विकासका आयोजनाहरू सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च प्रतिफल दिने, समतामूलक र पिछडिएका क्षेत्रलाई मूलप्रवाहीकरण गर्ने आयोजनाहरू मात्र समेटी "**आयोजना बैंक**" तयार गरिनेछ र यसैका आधारमा बजेट विनियोजन गरिनेछ । स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगायत अन्य निकायहरूसँग सह-लगानीको नीति लिइनेछ । पूर्वाधार विकासमा हरित पुनर्लाभ तथा समावेशी विकास पद्धति पूर्ण रूपमा अवलम्बन गरी जलवायु उत्थानशील, श्रम-केन्द्रित र नतिजामुखी विकास गरिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

५१. नगरवासीका लागि सर्वसुलभ, गुणस्तरीय, भरपर्दो र दिगो खानेपानी सेवा पुर्‍याउन स्वीकृत "वास योजना" (WASH Plan) लाई परिमार्जन एवं सम्भाव्यता अध्ययन गरी "एक घर एक धारा निर्माण अभियान" लाई नगरपालिकाभरि तीव्र रूपमा विस्तार गरिनेछ । राडीबजारको बढ्दो सहरीकरण र जनघनत्वलाई मध्यनजर गर्दै एक **बृहत् खानेपानी गुरुयोजना** तयार गरिनेछ ।

५२.उपभोक्ताहरूलाई पूर्ण रूपमा सुरक्षित खानेपानी उपलब्ध गराउन नगर क्षेत्रका सबै खानेपानी योजनाहरूमा अनिवार्य रूपमा "इनलाइन क्लोरिनेसन" जडान गरिनेछ । खानेपानी सेवाको मर्मतसम्भार, दिगोपन र प्राविधिक सहयोगका लागि नगरपालिकामा "ग्रामीण खानेपानी सेवा सहायता केन्द्र" स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

५३. नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख स्थानीय तह बनाउने लक्ष्यका साथ "**एक घर एक धारा**" सम्पन्न भएका वडा र बस्तीहरूलाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सबै विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक निकायहरूमा अपाङ्गता, बाल तथा लैङ्गिकमैत्री सुरक्षित वास (WASH) सेवा विस्तार गरिनेछ। नगरका प्रमुख व्यापारिक केन्द्रहरू तथा बजारोन्मुख क्षेत्रहरू (राडीबजार, सिमबजार, चिसापानी, छरेबगर, र त्रिवेणी लगायत) मा

आधुनिक र व्यवस्थित सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ । खानेपानी र सरसफाइका कार्यक्रमहरू सञ्चालन गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको पहुँच र सहभागितालाई विशेष प्राथमिकता दिइनेछ।

५४. खानेपानी र सरसफाइ आयोजनाहरूको दिगोपन र समुदायको अपनत्व सुनिश्चित गर्न स्थानीय तह र उपभोक्ताहरूबीच सह-लगानीको अवधारणा अनुरूप एकीकृत निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ । आयोजनाहरूको पारदर्शिताका लागि सूचना सार्वजनिक गर्ने, स्थानीय स्रोत-साधनको परिचालन गरी नियमित रूपमा खानेपानीको गुणस्तर परीक्षण गर्ने तथा सुदृढ निगरानी प्रणालीको विकास गरिनेछ। साथै, महामारी, आपतकालीन अवस्था तथा सम्भावित विपद् व्यवस्थापनका समयमा समेत प्रभावित क्षेत्रहरूमा तत्काल वास (WASH) सेवाको निरन्तरता र सुनिश्चितता मिलाइनेछ ।

५५.स्वच्छ, सफा र पर्यावरणमैत्री नगर निर्माणका लागि **"वातावरणमैत्री स्थानीय शासन"** को अवधारणालाई पूर्ण रूपमा अवलम्बन गरिनेछ। नगर क्षेत्रमा प्लाष्टिकजन्य प्रदूषण नियन्त्रणका लागि "प्लाष्टिक प्रयोगमा शून्य सहनशीलता" (Zero Tolerance) को नीति लिई यसको प्रयोगलाई कडाइका साथ निषेध र नियमन गरिनेछ ।

५६.संघ सरकार, प्रदेश सरकार, आठविसकोट नगरपालिका, SUSWA शान्ति नेपाल लगाएतका सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा खानेपानी सरसफाई र स्वच्छता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५७.खानेपानी तथा स्वच्छता कार्यक्रमलाई संस्थागत गर्न O&M सर्वेक्षण गरी दरबन्दी सिर्जना गरिनेछ र नगरपालिका भित्रका रुग्ण खानेपानी आयोजनाहरू मर्मत गरी पुनः सञ्चालनमा ल्याइनेछ ।

५८.स्वच्छ, सफा र पर्यावरणमैत्री नगर निर्माणका लागि **"वातावरणमैत्री स्थानीय शासन"** को अवधारणालाई पूर्ण रूपमा अवलम्बन गरिनेछ । साथै, आगामी ३ वर्षभित्र नगरपालिकाका दुई वटा वडा तथा ५ पाँच वर्ष भित्र आठविसकोट नगरपालिकालाई पूर्ण वातावरणमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक सूचकहरू योजनाबद्ध रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

५९.ऐतिहासिक जनआन्दोलन तथा दश वर्षे जनयुद्धको क्रममा ज्यान गुमाउने महान् सहिदहरूप्रति उच्च सम्मान व्यक्त गर्दै घाइते तथा अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचार, सीप विकास र संरक्षण गरिनेछ । साथै सहिद, बेपत्ता र घाइते परिवारका लागि सञ्चालित "**जीवननिर्वाह भत्ता सम्बन्धी कार्यक्रम**" लाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिइनेछ।

६०.लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण रणनीतिको आवधिक परिमार्जन गरी दृढताका साथ कार्यान्वयन गरिनेछ । नगरपालिकाको नीति, कार्यक्रम र बजेटमा वार्षिक रूपमा 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण' गर्ने व्यवस्था मिलाइनेछ । समाजमा पछाडि परेका वर्ग र समुदायको क्षमता विकास गरी स्थानीय विकासको मूलप्रवाहीकरणमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

६१.लैङ्गिक तथा घरेलु हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । हिंसाको मुख्य कारकका रूपमा रहेका पितृसत्तात्मक सोच, अशिक्षा, गरिबी, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन विशेष सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिला हिंसा, मानव बेचबिखन तथा आत्महत्या रोकथामका लागि "**महिलासँग नगर उपप्रमुख कार्यक्रम**" लाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

६२.सामाजिक मूल्य-मान्यताको संरक्षण र संवर्द्धन गरिनेछ । समाजमा कुसंस्कारको रूपमा रहेको बालविवाह गर्ने र गराउने दुवै पक्षलाई कानुनको कठघरामा उभ्याइनेछ । बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, जातीय छुवाछुत, विभेद

एवं अन्य सामाजिक कुरीतिहरू समूल अन्त्य गर्न वडा तथा टोल स्तरमा सघन जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, नगरपालिकाका विभिन्न वडामा समुदायिक महिला भवन निर्माण गरिनेछ।

६३. संविधानद्वारा प्रदत्त बालबालिकाको मौलिक हक कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिमका आवश्यक कार्यक्रमहरू सञ्चालन गरी आठविसकोट नगरपालिकालाई 'बालमैत्री स्थानीय तह' बनाइनेछ। टुहुरा, अनाथ, असहाय एवं संरक्षणविहीन बालबालिकाहरूको वैकल्पिक संरक्षण र उचित व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।

६४. भूकम्पपछिको पुनर्निर्माण लगायत नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सबै व्यक्तिगत, सार्वजनिक तथा सरकारी भौतिक संरचनाहरूलाई अनिवार्य रूपमा अपाङ्गता-मैत्री र समावेशी-मैत्री बनाउन आवश्यक कार्यक्रम तथा नियमन प्रणाली सञ्चालन गरिनेछ। साथै, अपाङ्गता भएका व्यक्तिहरूको संस्थागत पुनर्स्थापनाका लागि एक छुट्टै व्यवस्थित भवन निर्माण गरिनेछ।

६५. अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमूलक, व्यावसायिक एवं आयआर्जनका तालिमहरू प्रदान गरी रोजगारी तथा स्वरोजगारीमा आबद्ध गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूलाई नगरपालिका तथा वडा कार्यालयहरूबाट जारी हुने विभिन्न सिफारिस, दस्तुर तथा सेवा शुल्कहरूमा नगर कार्यपालिकाको निर्णयबमोजिम विशेष छुट दिने नीति लिइनेछ।

६६. महिला सशक्तीकरणका लागि प्रत्येक टोल तथा वडामा महिला समूह एवं समितिहरू गठन गरी नगरपालिकामा सूचीकृत गर्न आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ। सूचीकृत भएका सबै महिला समूहहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी अनुशिक्षण तालिम प्रदान गरिनेछ। प्रत्येक वडाका महिलाहरूलाई संगठित गर्दै आत्मनिर्भर बनाउन मागमा आधारित आयआर्जन तथा सीपमुलक कार्यक्रममा जोड दिइनेछ।

६७. ज्येष्ठ नागरिकहरू आफ्नै परिवार वा सन्तानबाट अपहेलित, घृणित वा दुर्व्यवहारको जोखिममा पर्ने अवस्थालाई अन्त्य गर्दै समाजमा उनीहरूका लागि आदर र सम्मानपूर्वक बाँच्ने वातावरण सुनिश्चित गरिनेछ। ज्येष्ठ नागरिकहरूमा रहेको परम्परागत ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा सार्नका लागि **"अन्तरपुस्ता सीप हस्तान्तरण"** तथा सामाजिक सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६८. नेपाल सरकारको डिजिटल सुशासनको लक्ष्य अनुरूप जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई नागरिकले घरबाटै अनलाइनमार्फत सहज रूपमा दर्ता गर्न सक्ने गरी प्रणालीको विकास र सञ्चालन गरिनेछ।

६९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन लाभग्राहीहरूको जैविक विवरण (Biometric) सहितको अभिलेख तयार गरिनेछ। दुर्गम तथा सेवाको पहुँच नपुगेका वडाहरूमा बैंकहरूसँग साझेदारी गरी वडा कार्यालयबाटै वा उपयुक्त स्थानमा बैंक काउन्टर स्थापना गरी नागरिकको नजिकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ।

**नगर सभाका सदस्य ज्यूहरु,**

७०. नेपालको संविधानको धारा ४४ ले सुनिश्चित गरेको उपभोक्ताको मौलिक हकलाई मध्यनजर गर्दै 'बजार अनुगमन निर्देशिका २०७५' अनुसार १४ वटै वडाका बजारहरूको नियमित अनुगमन गरिनेछ। उपभोक्ता हित संरक्षणका साथै बजारलाई स्वच्छ, सफा र प्रतिस्पर्धी बनाउन हाटबजार, तरकारी बजार वा विशिष्ट व्यवसायका लागि निश्चित स्थान र समय तोकी एकीकृत बजार व्यवस्थापन गरिनेछ।

७१. नगरपालिका क्षेत्रभित्रका व्यापार व्यवसायहरूलाई एकीकृत दर्ता तथा नवीकरणको दायरामा ल्याई करको दायरामा ल्याइने । व्यवसाय दर्ता, नवीकरण, कर तथा राजस्वका विषयमा जानकारी गराउन र बजारलाई समृद्ध बनाउन व्यवसायीहरूसँग नियमित रूपमा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७२.**टोल विकास संस्थालाई स्थानीय विकासको आधारभूत एकाइ**को रूपमा परिचालन गरी सशक्त र सक्रिय जनसहभागिता बढाइने छ । यस मार्फत योजना छनोट, कार्यान्वयन, सरसफाइ, सामाजिक सद्भाव, वातावरण संरक्षण तथा स्थानीय समस्याहरूको समाधानका लागि टोलविकास समितिलाई परिचालन गर्ने निति लिइनेछ ।

७३. नगरपालिकामा गठन भएका महिला, दलित तथा अन्य लक्षित वर्ग विशेषका समूह, सहकारी तथा संस्थाहरूको दर्ता एवं नवीकरण शुल्कमा साविकको **५० प्रतिशत छुट** दिने नीतिलाई निरन्तरता दिइनेछ।

७४.नगरपालिकामा स्थापित ठूला उद्योगहरू (जस्तैः वाइन, प्लाई, मसला, कपडा, आलु चिप्स र साबुन) को अवस्था बुझ्न र तथ्याङ्क सङ्कलन गर्न नियमित अनुगमन गरिनेछ । उद्योगहरूको अनुगमन र मूल्याङ्कन प्रतिवेदनका आधारमा तिनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न लगानीकर्ताहरूलाई आकर्षित गर्ने निति लिइनेछ ।

७५.पुनर्निर्माणमा आधारित सीप विकास तालिम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र उद्योग व्यवसाय विस्तारलाई निरन्तरता दिइनेछ । श्रमिकको हक सुनिश्चित गर्न **रोजगार बैंक** स्थापना गरी श्रम बजारको माग र आपूर्तिलाई स्वचालित प्रणालीमा आवद्ध गरिनेछ ।

७६.वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गर्न गन्तव्य मुलुकमा रहेका श्रमिकहरूको दर्ता अभियान चलाइनेछ । वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूको ज्ञान, सीप र पूँजीलाई उद्यमशीलतामा जोडिनेछ ।

७७.पालिका भित्रका बेरोजगार युवा, महिला, दलित, जनजाति, विपन्न, सीमान्तकृत समुदाय तथा वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूलाई लक्षित गरी उद्यमशीलता विकास तथा व्यावसायिक सीपमूलक तालिमहरू सञ्चालन गर्न **"नगर प्रमुख संग युवा स्वरोजगार कार्यक्रम"** संचालन गरिनेछ । यस अन्तर्गत बजारको माग र स्थानीय आवश्यकताका आधारमा (जस्तैः अल्लो, ढाका, होजियरी, साबुन, अचार, जुत्ता-चप्पल, बेकरी, ब्युटिसियन, क्रिस्टल गहना आदि) उद्योगहरूलाई प्राथमिकता दिँदै व्यावसायिक तालिम प्रदान गरिनेछ ।

७८.स्थानीय स्रोत, साधन, सीप र प्रविधिमा आधारित उत्पादनमूलक तथा सेवामूलक उद्योगहरूको स्थापना र विस्तारमा जोड दिइनेछ। हाल सञ्चालनमा रहेका लघु तथा साना उद्योगहरूको क्षमता विकासका लागि माग र आवश्यकताका आधारमा प्रविधिमा अनुदान उपलब्ध गराइनेछ । साथै, पालिकामा "एक गाउँ एक उत्पादन", "एक घर एक रोजगार" तथा "एक वडा एक विशेष उद्योग" को अवधारणालाई व्यावहारिक रूपमा अगाडि बढाउन आवश्यक नीति तथा पूर्वाधारको व्यवस्था गरिनेछ।

७९. डिजिटल नगरपालिकाको अवधारणा अनुरूप **डिजिटल गुरुयोजना** तयार गरी कार्यान्वयन गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन एकीकृत सूचना प्रणाली र एकीकृत कार्य सञ्चालन गृह निर्माण गरिनेछ । सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिका लागि नवप्रवर्तनमा आधारित क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम ल्याइनेछ । सुरक्षाका दृष्टिले जोखिममा रहेको राडीज्यूलाको बजारक्षेत्रमा सि.सि.टिभी (CCTV) जडान गरिनेछ। **"कानुन सबैका लागि बराबर"** भन्ने मान्यतालाई आत्मसात गर्दै न्यायिक समितिबाट सम्पादन हुने न्याय प्रक्रियालाई छिटो-छरितो, निष्पक्ष र प्रभावकारी बनाइनेछ । न्यायिक प्रणालीमा लैङ्गिक समानता, जातीय विविधता र कमजोर वर्गको न्यायमा पहुँच अभिवृद्धि गरिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

८०. **"विपद्को सारथी नगर सरकार"** भन्ने मूल नारालाई कार्यान्वयन गर्दै, मनसुनजन्य तथा अन्य उच्च जोखिमलाई मध्यनजर गरी २४ सै घण्टा परिचालन हुने गरी नगर प्रहरी र आपतकालिन कार्य संचालन केन्द्र मा जनशक्ति व्यवस्थित गरिने छ ।

८१. नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयका केन्द्रहरू सम्म बाह्रै महिना यातायात सेवा सञ्चालन सुनिश्चित गर्न सडक स्तरोन्नति गरिनेछ ।

८२. प्रकोप व्यवस्थापन कोषलाई सुदृढ बनाउँदै तत्काल खोज, उद्धार तथा राहतका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरिने छ।

८३. विपद् जोखिम न्यूनीकरणका लागि सन्देशमूलक कार्यक्रमहरू उत्पादन गरी अनलाइन, छापा माध्यम, रेडियो र टेलिभिजनमार्फत व्यापक प्रसारण गरिने छ।

८४. **"दिगो वन, समृद्ध जीवन"** को नारासहित खुला सार्वजनिक स्थल, सडक किनार र संकटासन्न क्षेत्रहरूमा वृक्षारोपण गरिने छ । पानीका स्रोत र मुहानहरूको संरक्षण विशेष कार्ययोजना तयार गरिने छ ।

८५. सङ्घ र प्रदेश सरकारसँगको साझेदारी तथा समन्वयमा स्थानीय जडीबुटीको व्यावसायिक उपयोगका लागि जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक पहल गरिने छ।

८६. प्रमुख बजार क्षेत्रका रूपमा रहेका राडीबजार र सिमबजारको फोहोरलाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न उपयुक्त स्थानमा आधुनिक ल्याण्डफिल साइट निर्माण गरी सञ्चालनमा ल्याइने छ।

८७. नगरपालिकालाई प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटनको सुरक्षित गन्तव्य बनाइने छ । योग तथा ध्यानमार्फत सकारात्मक सोचको विकास गर्न गोतामकोको सम्पेताल क्षेत्रलाई **'आरोग्य र ध्यान पर्यटन केन्द्र'** को रूपमा प्रवर्द्धन गरिने छ ।

८८. झारमारे, सम्पेताल, साइकुमारी, काँडा दह, मैडाडा, बन्चरे, लामकाने गुफा र साततले गुफा लगायतका क्षेत्रको पर्यटकीय विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी कार्य अगाडि बढाइने छ । झारमारे काँडा दह ठुलाकोट लगाएतका क्षेत्रलाई पर्यटकिय क्षेत्र घोषणा गरिनेछ ।

८९. सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि ऐतिहासिक जनयुद्धमा जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात सहिदहरूको सम्मान, योगदानको कदर र इतिहासको संरक्षण गर्न नगरपालिकाको राडीबजारमा एक **'जनयुद्ध तथा गणतन्त्र स्मारक'** निर्माण गरिनेछ ।

९०. स्थानीय मौलिक कला, संस्कृति, साहित्य, इतिहास, मयुर नाच, अन्य विभिन्न लोक नाच र परम्परागत भाकाहरूको संरक्षणका लागि विशेष संरक्षणको व्यवस्था मिलाइने छ । साथै, नगरभित्रका पर्व, मेला, जात्रा र महोत्सवहरूको व्यवस्थापन र प्रवर्द्धन गरिने छ ।

९१. **"मौलिक पहिचान हाम्रो शान, संस्कृति संरक्षणमा साझा अभियान"** भन्ने नाराका साथ परम्परागत संस्कृतिहरूको जगेर्ना र पुस्तान्तरण गर्न नगरपालिका स्तरीय **'सांस्कृतिक नगरप्रमुख सम्मेलन'** को आयोजना गरिनेछ।

९२. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै सङ्घीय सरकारको नीति अनुरूप योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित र निरन्तरता दिइनेछ ।

९३.युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेलकुद संघहरूसँगको सहकार्यमा नियमित खेलकुद प्रतियोगिताहरू आयोजना गर्न आवश्यक खेलकुद पूर्वाधार निर्माण गरिने छ ।

९४.विद्यालय तहदेखि नै खेलकुद तालिम र प्रशिक्षकको व्यवस्था गरिने छ । खेलाडीहरूलाई प्रोत्साहित गर्नुका साथै राष्ट्रिय स्तरका खेलाडीहरूलाई स्वास्थ्य बीमा (Health Insurance) को दायरामा जोडिने छ ।

९५.किशोरकिशोरीहरूलाई लागूऔषध दुर्व्यसन, मानसिक तनाव (आत्महत्या न्यूनीकरण) र साइबर अपराध (Cyber Crime) बाट सुरक्षित राख्न सचेतनामूलक तथा निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरी समाजमा घट्ने अपराध नियन्त्रणमा ठोस कदम चालिने छ ।

९६.प्रविधिको बढ्दो प्रयोगसँगै बढ्दै गएको साइबर अपराध, अनलाइन ठगी, सामाजिक सञ्जालको दुरुपयोग, चरित्र हत्या र भ्रामक सूचना प्रवाहलाई नियन्त्रण गर्न नगरस्तरमा **"सुरक्षित डिजिटल समाज"** अभियान सञ्चालन गरिने छ । विशेष गरी किशोरकिशोरी, महिला र विद्यार्थीहरूलाई लक्षित गरी साइबर सुरक्षा, प्रविधिको सही प्रयोग र साइबर अपराधका कानुनी परिणामहरूका बारेमा व्यापक सचेतना कार्यक्रम सञ्चालन गरिने छ । साथै, सम्भावित साइबर जोखिम र अपराधको तत्काल रिपोर्टिङ एवं कानुनी सहजीकरणका लागि सरोकारवाला निकाय तथा नेपाल प्रहरीसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

९७."सार्वजनिक प्रशासन विकास, सुशासन र समृद्धि प्राप्तिको संयन्त्र हो" भन्ने मान्यतालाई आत्मसाथ गर्दै यसलाई थप पारदर्शी बनाइने छ। सार्वजनिक प्रशासनलाई जवाफदेही, उत्तरदायी, नतिजामूलक, नागरिक मैत्री, सुशासन युक्त र विश्वसनीय बनाउन विशेष शासकीय सुधारका कार्यक्रम सञ्चालन गरिने छ ।

९८. सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै अनुत्पादक खर्चमा पूर्ण कटौती गरिने छ। प्राथमिकता विना बजेट विनियोजन हुने प्रवृत्तिलाई सधैंका लागि अन्त्य गर्न मागको आधारमा नभई, विशुद्ध आवश्यक्ताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिने छ र लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिने छ ।

९९. विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्न वित्तीय सुधारका कार्यक्रम सञ्चालन गरिने छ। आन्तरिक र अन्तिम लेखा परीक्षण कार्य प्रभावकारी रूपमा गराइने छ। समयमा नै बेरुजु फर्स्यौट गर्ने कार्यलाई कडाइका साथ लागू गर्नुका साथै बेरुजु फर्स्यौट कार्यविधि बनाई 'शून्य बेरुजु' मा लैजान विशेष पहल गरिने छ ।

१००. नगरपालिकाको अर्थतन्त्रलाई औपचारिकीकरण र पारदर्शी बनाउन सबै प्रकारका स्थानीय कर, शुल्क तथा आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी 'नगदरहित (Cashless) र **प्रविधिमैत्री राजस्व प्रशासन** नीति लागु गरिनेछ। स्थानीय उपभोक्ता तथा व्यवसायीहरूलाई डिजिटल भुक्तानीका साधानहरू प्रयोग गर्न प्रोत्साहन गरिनेछ र यसबाट राजस्व चुहावट नियन्त्रण गरी सुशासन अभिवृद्धि गरिनेछ ।

१०१. नगरपालिकाबासीलाई घरमै बसी सहज रूपमा कर तिर्ने व्यवस्था मिलाउन स्थानीय तह राजस्व पोर्टल (LLRP) को प्रयोगलाई व्यापक रूपमा बढावा दिइनेछ । राजस्व संकलन प्रणालीलाई पूर्ण रूपमा प्रविधिमैत्री र पारदर्शी बनाउन सचेतना तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०२. स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन पालिकाभित्रका लघु, घरेलु, साना तथा मझौला उद्यम एवं व्यवसायहरूलाई करको दायरामा ल्याइने छ । अनौपचारिक रूपमा सञ्चालित व्यवसायहरूलाई निश्चित अवधि सम्मका लागि कर छूट वा दर्ता शुल्कमा सहुलियत प्रदान गरी करको दायरामा समेट्ने र पालिकाको आन्तरिक राजस्वको जग बलियो बनाउने नीति लिइने छ ।

१०३. राजस्व संकलन कार्यलाई नागरिकमैत्री बनाउन **'करदाता सेवा केन्द्र'** को विस्तार गर्दै कर तिर्ने प्रक्रियालाई पूर्णतः झन्झटमुक्त बनाइने छ। समयमै र इमान्दारितापूर्वक कर तथा दस्तुर बुझाउने उत्कृष्ट करदातालाई **'नगर करदाता सम्मान'**

प्रदान गरिने छ। साथै, राजस्व संकलनमा तोकिएको लक्ष्य हासिल गर्ने वडाहरूलाई आगामी वर्षको बजेट विनियोजनमा थप प्रोत्साहन अनुदान उपलब्ध गराइने नीति लिइने छ।

**नगर सभाका सदस्य ज्यूहरु,**

१०४. नगरपालिकाको वस्तुनिष्ठ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदन तयार गरी सोही आधारमा संगठन संरचनाको पुनरावलोकन गरिने छ । स्वीकृत दरबन्दीभित्र लोकसेवा आयोगबाट स्थायी हुने पदमा अनिवार्य रूपमा प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गरिने छ र पदपूर्ति हुन नसकेको अत्यावश्यक पदहरूमा मात्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करारमा कर्मचारी नियुक्त गरिने छ।

१०५. नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन गरी सोही आधारमा उचित जिम्मेवारी प्रदान गरिने छ र करार कर्मचारीहरूको चुस्त व्यवस्थापन गरिने छ। साथै, नगरपालिका क्षेत्रमा कार्यरत करार कर्मचारीको सेवा सुविधामा तहगत रूपमा एकरूपता कायम ल्याइने छ।

१०६. सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउँदै नागरिकको पहुँच सुनिश्चित गर्न निरन्तर सूक्ष्म निगरानी गरिने छ। हेलो सरकार मार्फत प्राप्त गुनासोहरूको शीघ्र सम्बोधनका लागि द्रुत प्रतिकार्य संयन्त्र परिचालन गरिने छ । **"समृद्ध गाउँ सहरको रहर: स्वस्थ, सफा, शासनयुक्त, समन्यायिक र समाजवादउन्मुख आठविसकोट नगर"** भन्ने आदर्श वाक्यलाई सफल पार्न चालू आर्थिक वर्षमा शासकीय, वित्तीय र प्रशासनिक सुधारका रणनीतिक कार्यक्रमहरू सञ्चालन गरिने छ।

१०७. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवम् नगरवासीमा समेत जीवन व्यवस्थापन कला, काम तथा जीवनबिचको सन्तुलन एवम् सदाचारयुक्त स्वस्थ जीवनयापनलाई लक्षित गरी **योग ध्यान, तनाव व्यवस्थापन तथा सकारात्मक सोच** सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ। यस कार्यक्रममार्फत नागरिक र सेवक दुवैमा कार्यदक्षता, मानसिक स्वास्थ्य र नैतिक आचरणको विकास गरी **'स्वस्थ र सकारात्मक नगर'** को जग बसालिने छ।

१०८. नगरपालिकाको कार्यसम्पादनलाई छिटो-छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचारविरुद्ध शुन्य शहनशिलता निति लिइने छ । सिर्जनशीलतालाई प्रोत्साहन, उत्कृष्टलाई पुरस्कार र खराबलाई दण्डको मान्यताअनुरूप उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई सम्मान तथा पुरस्कृत गरिनेछ। कार्यसम्पादनलाई परिणाममुखी बनाउन कार्यसम्पादन करार सम्झौता गरी सूचकहरूको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

१०९. नगरपालिकाको कार्य सञ्चालनका लागि आवश्यक नयाँ कानूनहरूको तर्जुमा गर्नुका साथै मौजुदा कानूनहरूको समयानुकूल संशोधन र प्रभावकारी कार्यान्वयन गरिनेछ।

११०. राज्यको चौथो अंगको रूपमा रहेको आमसञ्चार तथा पत्रकारिता क्षेत्रलाई नगरपालिकाको विकास, सुशासन र समृद्धिको संवाहकका रूपमा परिचालन गर्न विशेष प्राथमिकता दिइनेछ।

१११. नगरपालिकाका समग्र विकास निर्माण, सार्वजनिक चासोका विषय र शासकीय गतिविधिहरूको बारेमा स्थानीय तथा राष्ट्रिय स्तरका अनलाइन, छापा माध्यम एवं स्थानीय एफ.एम. रेडियोहरूबाट निष्पक्ष, सत्य र तथ्यपूर्ण सूचना प्रवाह गरी पारदर्शिता र नागरिक सुसूचित हुन पाउने अधिकारको सुनिश्चितता गरिनेछ। नगरको समृद्धिमा सञ्चार जगत्ले खेल्ने

सकारात्मक र रचनात्मक भूमिकालाई कदर गर्दै सञ्चार क्षेत्रको क्षमता विकास, संस्थागत सबलीकरण र सहकार्यका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

११२. आठविसकोट नगरपालिकाको राडीबजार लगायत बढ्दो सहरीकरण भएका क्षेत्रहरूमा आधुनिक घर नम्बरिङ प्रणाली लागू गरिनेछ । यस प्रणाली मार्फत प्रत्येक घरलाई छुट्टै नम्बर वितरण गरी ठेगाना पहिचान, एकीकृत सेवा प्रवाह, राजस्व तथा कर व्यवस्थापन, हुलाक (डाक) सेवा र आपतकालीन सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

११३. नगर अस्पतालमा उपचारका लागि आउने बिरामी, कुरुवा तथा चौबीसै घण्टा खटिने स्वास्थ्यकर्मीहरूलाई स्वच्छ, गुणस्तरीय र पोषणयुक्त खानपानको सहज पहुँच सुनिश्चित गर्न अस्पताल परिसरभित्र एक व्यवस्थित क्यान्टिन निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

११४. स्थानीय सरकारको समग्र शासकीय प्रबन्ध, सेवा प्रवाह, वित्तीय अनुशासन र विकास व्यवस्थापनलाई मापन गर्न नेपाल सरकारद्वारा निर्धारित स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) लाई पालिकाको सुशासनको मुख्य संवाहकको रूपमा पूर्ण रूपमा अवलम्बन गरिने छ।

११५. LGPAS अन्तर्गतका सबै शासकीय तथा संस्थागत सूचकहरूमा पालिकाको स्थिति सुदृढ बनाउन प्रविधिमैत्री र प्रमाणमा आधारित प्रविष्टि प्रणालीलाई संस्थागत गरिने छ । वार्षिक रूपमा प्राप्त हुने नतिजा र पृष्ठपोषणलाई पालिकाको नीति, कार्यक्रम र बजेट निर्माणको मुख्य मार्गदर्शनको रूपमा लिइने छ ।

११६. LGPAS को मूल्याङ्कन सूचकहरूका आधारमा सबै शाखा र वडाहरूको कार्यसम्पादनको आवधिक समीक्षा गरिने छ। उच्चतम अङ्क प्राप्त गर्न बाधक देखिएका नीतिगत, कानुनी तथा कार्यविधिगत समस्याहरूलाई पहिचान गरी सुधारका लागि विशेष क्षमता विकास र प्रणाली सुदृढीकरणका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

११७. आठविसकोट नगरपालिकालाई "**वातावरणमैत्री स्थानीय शासन** (EFLG)" अवधारणा अनुरूप विकास गर्न वातावरणीय सन्तुलनमा प्रतिकूल असर पार्ने सम्पूर्ण गतिविधिहरूलाई कडाइका साथ निरुत्साहित गरिने छ ।

११८. नगरपालिका क्षेत्रभित्रका नदी तथा खानीजन्य पदार्थको दिगो उपयोगका लागि अनिवार्य रूपमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरी स्वीकृत मापदण्डका आधारमा मात्र बोलपत्र आह्वान गरी दहत्तर-बहत्तर कर संकलन व्यवस्थापन गरिने छ । स्वीकृत परिमाण र क्षेत्रभन्दा बाहिर गई जथाभावी, अनियन्त्रित एवं अवैध रूपमा गरिने नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन र दोहनलाई पूर्ण रूपमा नियन्त्रण गरी कानूनी कारबाहीको दायरामा ल्याइने छ ।

११९. सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी, मितव्ययी र व्यवस्थित बनाउन सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अनिवार्य रूपमा वार्षिक खरिद योजना र खरिद गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ । सार्वजनिक निर्माणका कार्यहरू तोकिएको समय र गुणस्तरमा सम्पन्न नगरी आयोजना अलपत्र पार्ने, ढिलासुस्ती गर्ने वा सम्झौता उल्लंघन गर्ने निर्माण व्यवसायी/आपूर्तिकर्तासँगको ठेक्का सम्झौता प्रचलित कानून बमोजिम तत्काल रद्द गरिने छ । साथै,

त्यस्ता गैरजिम्मेवार व्यवसायीहरूलाई क्षतिपूर्ति भराई कानून अनुसार कालोसूची मा राख्न तत्काल सिफारिस गर्ने नीति लिइने छ ।

१२०. आठविसकोट नगरपालिका क्षेत्रभित्र क्रियाशील सम्पूर्ण गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले आफ्ना वार्षिक कार्यक्रम र बजेट अनिवार्य रूपमा नगर कार्यपालिकाबाट स्वीकृत गराई नगर सभाबाट अनुमोदन गराएर मात्र कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिने छ ।

१२१. गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रमहरूलाई पालिकाको आवधिक तथा वार्षिक योजनासँग आबद्ध गरिने छ। साथै, संघ-संस्थाहरूद्वारा सञ्चालन गरिने गोष्ठी, सेमिनार, भ्रमण जस्ता चालु प्रकृतिका अनुत्पादक क्षेत्रका कार्यक्रमहरूमा नगरपालिकाको तर्फबाट साझेदारी वा म्याचिङ कोष उपलब्ध नगराउने नीति लिइने छ ।

१२२. नगरपालिकाभित्र विपद् व्यवस्थापन, शान्ति सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण तथा सरसफाइ प्रवर्द्धन,राजश्व संकल लगायतका बहुआयामिक क्षेत्रमा नगर प्रहरीको भूमिकालाई थप व्यावसायिक, गतिशील र व्यवस्थित बनाइने छ । नगर प्रहरीको सेवा प्रवाह, वृत्तिविकास र सेवा-सुविधालाई समयानुकूल बनाउन नगर प्रहरी नियमावली संशोधन गरी लागु गरिनेछ । साथै, पालिकास्तरमा सञ्चालित गौरवका आयोजना एवं विकास निर्माणका कार्यहरूलाई निर्बाध रूपमा सञ्चालन गर्न, सार्वजनिक क्षेत्रको अतिक्रमण नियन्त्रण गर्न र भौतिक संरचनाको सुरक्षाका लागि समेत नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गर्ने नीति लिइने छ ।

**उपस्थित नगर सभाका सदस्य ज्यूहरु,**

**अन्त्यमा,** यस आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमलाई सन्तुलित, यथार्थपरक, नतिजामुखी र समृद्धिको संवाहक बनाउनका लागि विभिन्न माध्यमबाट अमूल्य रचनात्मक राय, सल्लाह र सुझाव उपलब्ध गराउनुहुने नगर कार्यपालिका र नगरसभाका सदस्य ज्यूहरु, स्थानीय बुद्धिजिवी, नागरिक समाज, कृषक, उद्योगी, व्यवसायी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, विद्यार्थी, सञ्चारकर्मी, सुरक्षाकर्मी एवं सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

## धन्यवाद !